नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि क्षेत्र विकास कार्यक्रम

कार्यक्रम समन्वय कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

IFAD
Investing in rural people

## के तपाईं बजार मागमा आधारित व्यावसायिक उत्पादन गरी आर्थिक वृद्धि गर्न इच्छुक हुनुहुन्छ?

## मूल्य श्रृँखला विकास कोष (Value Chain Development Fund - Window 2) अन्तर्गत सहकार्यका लागि इच्छुक एवं योग्य उत्पादक समूह/ सहकारीबाट प्रस्तावना आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०७६।७।०६

नेपाल सरकार (GoN), कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) र स्वीस विकास नियोग (SDC) को संयुक्त लगानीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले हेल्भेटास नेपाल, स्थानीय तह, निजी क्षेत्र र स्थानीय समुदायसंगको साझेदारीमा कर्णाली प्रदेशका दश वटै जिल्लामा कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) सन्चालन गरिरहेको छ । यस कार्यक्रमले बजार मागमा आधारित भई उच्च मूल्य कृषि वस्तु मूल्य श्रृंखलाहरुको व्यवसायिक उत्पादन र बजारीकरणको माध्यमबाट साना किसान र पछाडी परेका समुदायहरु (दलित, जनजाति, मुसलमान, युवा, भूमिहिन आदि) को आय आर्जनमा दिगो वृद्धि, खाद्य सुरक्षा र पोषणमा सुधार ल्याउने उद्देश्य लिएको छ । यस कार्यक्रमले सुर्खेत-दैलेख, सुर्खेत-जुम्ला, छिन्चु-जाजरकोट, राप्ती सडक र मध्य पहाडी लोकमार्ग अन्तर्गतका सूचीकृत उत्पादन क्लष्टरहरुमा मूल्य श्रृँखला विकास कोष -खण्ड-२ मार्फत बजार मागमा आधारित कृषिजन्य मूल्य श्रृँखलाको विकास तथा स्तरोन्नतिको लागि कार्य गर्नेछ । सोही अनुरुप प्रथम प्राथमिकतामा परेका बेमौसमी तरकारी, खसीबोका, दुध र पहाडी क्षेत्रमा बीउ आलु मूल्य श्रृँखला विकासको लागि प्रथम चरणमा तपसिलका पालिका अन्तर्गतका तोकिएका क्लष्टरहरुमा व्यावसायिक उत्पादनका लागि इच्छुक उत्पादक कृषक समूह र कृषि सहकारी संस्थाहरुबाट सह-लगानी (Sub-project Matching Fund) को लागि निवेदन आव्हान गरिन्छ ।

### १. Window 2 सह-लगानीका क्षेत्र तथा प्रस्ताव पेश गर्नका लागि न्यूनतम योग्यता:

कार्यक्रमले पहिचान गरेका कृषि वस्तुहरु- बेमौसमी तरकारी, खसीबोका, दुध र बीउ आलुको मूल्य श्रृँखलामा आधारित रही निम्न शर्तनामा तथा अवस्थामा सह-लगानी गर्न सक्नेछ:

| क्र.सं. | विषयवस्तु | खण्ड ख (Window 2): उत्पादक समूह/सहकारीको लागि |
|---|---|---|
| १ | सह लगानीका क्षेत्रहरु | उत्पादन तथा उत्पादकत्व वृद्धिका कार्यहरु जस्तैः उन्नत प्रविधि, मेसिन उपकरण, कृषि सामग्री, प्राविधिक सहयोग तथा तालिम, गुणस्तर तथा प्रांगारिक प्रमाणीकरण आदि ।<br>उत्पादनसंग सम्बन्धित समुदायमा आधारित स-साना पूर्वाधारहरुः सिंचाई, दुध संकलन केन्द्र, डिपिङ्ग टैंक आदिको लागि तालिका २ अनुसार छुट्टै सामुदायिक पूर्वाधार कोष मार्फत सहयोग उपलब्ध हुनेछ । |
| २ | आवेदकको न्यूनतम योग्यता | क) सम्बन्धित पालिकासंगको समन्वयमा मूल्य श्रृँखला प्रवर्द्धनका लागि तालिका ३ मा सूचीकृत पालिका र क्लष्टर भित्रका समूह तथा सहकारीहरु । यदि सहकारीको संगठन ढाँचा समूह, अन्तर समूह तथा मूल समिति किसिमको भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिसमा आवेदन गर्ने हरेक अन्तर समूहको योग्यता पुगेको मानिनेछ ।<br>ख) समूहको हकमा न्यूनतम ३० जना साना किसान आवद्ध भई सम्बन्धित निकायमा दर्ता भएको ।<br>ग) कृषि तथा बहुउद्देशीय सहकारी अन्तर्गत संचालन र व्यवस्थापनमा रहेका कृषि अन्तर समूहहरु<br>ग) सम्बन्धित मूल्य श्रृँखलामा कार्य अनुभव ।<br>घ) सह-लगानी र कार्यान्वयन सम्बन्धी निर्णयको प्रतिलिपी । |
| ३ | सह-लगानी सीमा | ३० सदस्य रहेका समूह एवं सहकारी र सो अन्तर्गतका अन्तर समूहलाई सम्बन्धित मूल्य श्रृँखलाको व्यावसायिक उत्पादन कार्यका लागि आवश्यक सामग्रीहरु, मेसिन उपकरण, प्राविधिक सहयोग, तालिम आदिमा हुने कुल रकमको अधिकतम ५०% वा पहाडी क्षेत्रमा बढीमा रु.१० लाख र हिमाली क्षेत्रमा बढीमा रु.१२ लाख सह-लगानी उपलब्ध हुनेछ । यदि ३० सदस्य संख्यामा थपघट भए सह-लगानी पनि सोही अनुपातमा थपघट हुनेछ । |
| ४ | आवेदकको स्वलगानी | कृषि क्षेत्र विकास कार्यक्रमको सह-लगानी बाहेकको ५०% रकम मध्ये आधा रकम जिन्सी तथा श्रमबाट पुरा गर्न सकिनेछ भने बाँकी रहेको आधा रकम आवेदकले नगदै लगानी गर्नु पर्नेछ । |

## २. सामुदायिक पूर्वाधारहरु (Community Infrastructure)

| क्षेत्रहरु | विवरण |
|---|---|
| आवेदकको न्यूनतम योग्यता | कार्यक्रमले निर्दिष्ट गरेका क्लस्टरहरुमा परिचालित उत्पादक समूहहरु एवं सहकारीहरुले प्रस्ताव गर्न पाउने छन् । यस क्षेत्रका लागि प्रस्ताव गर्दा कुनै समूह वा सहकारी अन्तर्गतका अन्तर समूहहरुवाट तालिका १ (Window 2) अनुसार पेश गरेको प्रस्ताव प्रभावित हुने छैन । |
| लगानीका लागि संभावित क्षेत्रहरु | उत्पादन र उत्पादन पश्चातका क्रियाकलापहरुसंग सम्बन्धित सामूहिक लाभका पूर्वाधारहरु जस्तैः साना सिंचाई (कुलो, सिंचाई पोखरी, वोरिङ्ग, सोलार लिफ्टपम्प आदि), दुध संकलन केन्द्र, डिपिङ्ग टैंक, रष्टिक स्टोर आदि । |
| सह-लगानी सीमा | कूल लागतको ८५ प्रतिशत अथवा बढीमा २० लाखसम्म सह-लगानी उपलब्ध हुनेछ । समूह र सहकारीले व्यहोर्ने १५ प्रतिशतमा नगद र जिन्सी दुवै हुन सक्नेछ । |

## ३. प्राथमिकीकरण गरिएका मूल्य श्रृंखला बालीवस्तु एवं आवेदनका लागि पहिलो चरणमा पहिचान गरिएका पालिकाका उत्पादन क्लष्टरहरूको सूची:

| बालीवस्तु | जिल्ला | पालिका | वडा नं. | क्लष्टर क्षेत्र (आवेदन दिन सक्ने बस्ती एवं पकेट क्षेत्रहरु) |
|---|---|---|---|---|
| १.बेमौसमी तरकारी | सुर्खेत | भेरीगंगा न.पा. | ४,५,१०,१२ | हर्रे, हात्तीसुड्रे, झिलमिल, तालबारी, मसिना, छिन्चु, कालिदमार |
| | | गुर्भाकोट न.पा. | १,४,५,६,७,८,९, १०,११,१२,१३ | काल्चे, बाघखोर, थकलेनी, राजीगाँउ, सातमुले, नकले, तिमारे, तोरीबारी, गोकुलपुर, गंगटे, भालुखोला, नादेकोट, भुल्के, भट्टेचौर, शुभाघाट, भम्का, नयाँ गाउँ, भेडाबारी, आँपसोती |
| | | सिम्ता गा.पा. | ५,६,७ | आली, राकम, काप्रिचौरको तल्लो भाग |
| | | बराहताल गा.पा. | ५ | रक्सेनी |
| | | लेकबेसी न.पा. | ६,७ | कल्याण |
| | दैलेख | डुंगेश्वर गा.पा. | १,२,३,४,५,६ | उम, गुयली, माथिल्लो लाकुरी, लटाली, डुंगेश्वर, चुप्रा, सिलाडी, पोखरीपाटा, सिमटोल, बागिना खोला, भुसालडांडा, बाहुने गाउँ, जोगीदेउ, सानामुल, डुंग्रा |
| | | नारायण न.पा. | ८,७,६,५,४,३,२ | सिमाडा, जाहरकोट, ढुंगेखानी, कुसाडा, खुर्सानीबारी, कालिमाटी, भुर्ती, सोत, भिरमौरा, कुइकाना, छातिकोट, ठडेन, राजीगाउँ, बिनि, सिरनवानी, ठाडीजनगार, चौसिला |
| | रुकुम पश्चिम | सानीभेरी गा.पा. | १,२,७,९ | चाइनावगर, गिठाकोट, सहरे, सिम्ली, हासीवाङ्ग |
| | | मुसिकोट न.पा. | २,३,४,१३,१४ | रातामाटा, माछुमी, छेरा, घुरीखोला, ट्याखोला, ठाराढुंगा, काउले चौर, भुम, सादनचौर, लोरीबाङ्ग, बाटुली चौर |
| | सल्यान | सिद्धकुमाख गा.पा. | १,३ | मोख्ला, बाँझकाँडा, सिद्धेश्वरी |
| | | वनगाड कुपिण्डे न.पा. | १,४,५,६ | देवस्थल, मुलखोला, घाजरी |
| | | बागचौर न.पा. | १,२,३ | थारमारेको तल्लो भाग, कालाखेत, जिउला |
| | जुम्ला | चन्दननाथ न.पा. | १,७ | तलीचौर, मिचा |
| | कालिकोट | खाँडाचक्र न.पा. | १,२,३,४,११ | मान्म, बद्रिगाउँ, ताडी, बरातु, रेगिल, शेरीघाट, तलाकखोर, पोरीपाली, पिली, पाखाँ, चौकी, शेरावाडा, लासी, बिहानी, गरुवा, दह, भुल |
| | जाजरकोट | शिवालय गा.पा. | ३,२ | नेपा, राक्मा, सिमा, ऐरारी |
| | | भेरी न.पा. | १,४,६,११ | कालेगाउँ, रावतगाउँ, पिपे, बोहरागाउँ, भेरे, कसतारा, मटेला |
| २.खसीबोका | सुर्खेत | गुर्भाकोट न.पा. | १,२,३,९,१०,११,१२, १३,१४ | धारापानी, मालारानी, लेकमालारानी, डाँडाढाप, खोलाढाप, राम्रीकाँडा, दाप्चा, कोट, हिले, भित्रीखोला, पिपलटाकुरी, पण्डितकान्ला, बेतेनी, लोसे, हनिमान, नारीङ्मसेरी |
| | | सिम्ता गा.पा. | ७,८,९ | कप्रिचौर, डाँडाखाली, खातीखोला |
| | | लेकबेसी न.पा. | ३,४ | दशरथपुर |
| | | भेरीगंगा न.पा. | १,२,३,५,६,७ | लेखपराजुल, बबई, हात्तीखाल, गेरुवानी, भर्लेनी, लेख झिग्नी, ठुलो खाल, सानोखोरिया, कुईनेपानी, काठेघारी, मानकोट, भ्याक्रे, दरमालीटोल, राजीगाउँ |
| | दैलेख | डुंगेश्वर गा.पा. | १,२,३,४,५,६ | पैयांचौर, विजीकोट, दाउरेखर्क, जडी, पाङकोट, वलेना, मटेला, काफलसैनी, वईरी, आग्र, खानीचौर, वासकोटि, बासथला, अवल, रानीबन, सालुडाडा, दानसैनी, रकचाचौफुडा, बागिना, रातामाटा, कल्सेढुंगा, वाले छाना, थलीकाँडा |
| | | नारायण न.पा. | १,२,३,४,५,६,७,९,८ | पीडाल्ने, धाउनी, भगवती टोल, साडु, बासकोट, सालखर्क, तरतांग, ढकाने, नाउली, धुलपुर, गहतारी, दलित टोल, भुर्ती, खुर्सानीबारी, कालिमाटी, तल्लो कुसाडा, माल्ली, पातीकाल्ना, ठकुरी टोल, बिजौरा, नयागाउँ, जार्जखोला |

| बालीवस्तु | जिल्ला | पालिका | वडा नं. | क्लष्टर क्षेत्र (आवेदन दिन सक्ने बस्ती एवं पकेट क्षेत्रहरु) |
|---|---|---|---|---|
| | | भगवतीमाई गा.पा. | १,२,३,४,५,६ | सानो पगनाथ, ठुलो पगनाथ, माथिल्लो गन्म, ढांडगाउँ, सिडार, साले बजेडा, चाखला, सेरा, थुवा, बडालेक, साडखोला, पान्तोला, सनिगाउँ, चिपिन, गोठी, बाईसेरा, पुग्या, रातामाटा, बिदाने, रुमी, तुर्सु, सिम, मेहलतोली |
| | जाजरकोट | नलगाड न.पा. | ९,१०,११ | तात्रा, घारंगा, रोली, रग्दा, चौखा, रावतगाउँ, ध्यारगाउँ, बानियागाउँ, हितानगाउँ |
| | | छेडागाड न.पा. | ५,६,७,८,९ | धैया, पजारु, सुवानाउली, लेवा, टीकाचौर, बुधार्नारुवा, घोगी, डाँडागाउँ, सेरा |
| | | शिवालय गा.पा. | १ | औलाघर, दोभान समूह, हरलपानी |
| | | भेरी न.पा. | ७, १०,१२, १३ | भुरचौर, बेलगाडा, भारतीगाउँ, पुन्मा, मिथांग्रा, रुपाकोट, कुदु |
| | रुकुम पश्चिम | सानीभेरी गा.पा. | ३,४,५,६ | भलाचौर, चौखे, फेदि, बलीवाङ्ग, देउताखोला, दुली |
| | | मुसिकोट न.पा. | १,५,६,७,८,१० | घिमाने, थर्पु, घुयलपानी, कानेबाङ्ग, बसिबाङ्ग, मेलचौर, काम्ले, साँख, खालबोट, जात्राबाङ्ग, क्वाम्माखोला, घोरखानी, काब्रिबास, लसुनबारी, चुन, गलमपाटी |
| | सल्यान | वनगाड कुपिण्डे न.पा. | ८,७,५,३,२ | वामे, मुलखोला, घाजरी, कुपिण्डे |
| | | सिद्धकुमाख गा.पा. | १,२,३,४,५ | चाक्लिघाट, कागखोला, माथिल्लो बाँझकाँडा, फलाँटे, डाँडाकटेरी, चाँदे करेन्जी, छापडाँडा |
| | | बागचौर न.पा. | ३,४,५ | शिवरथ, थारमारेको माथिल्लो भाग |
| ३. दुध | दैलेख | डुंगेश्वर गा.पा. | १,३,४,५,६ | हनेटा, अवलपराजुल, ज्यामिरे, डाँडापराजुल, तल्लोलाकुरी, कपरतला, बेलपाटा, ठुलो वइरी, अतुराली, खाडा, राजीगाउँ |
| | कालिकोट | खाँडाचक्र न.पा. | १,२,३,४,५,६,७,११ | दह, मोल्फा, ताडी, मान्म, बदालकोट, बरातु, स्याला |
| | रुकुम पश्चिम | सानीभेरी गा.पा. | ८,१०,११ | आम्डाँडा, फुक्रु, अर्मा, काफलबोट |
| | | आठबिसकोट न.पा. | ९,१०,११,१२,१३,१४ | धरबोट, भौरती, बटालागाउँ, सनासतपाखा, राडीपाखा, गिजा, धारा, फलाँटे, ढाडीखोला, खासे भ्याउरे, टोटनाउला, भईडाँडा, झाक्रीसल्ला, गौरीचौर, डाँडागाउँ, चिसापानी, ठुलीबार्खु, सानीबार्खु, तार्चीबाग, लटाहप्पा, कुरीधारा, घेत्मा, भल्मा, ज्यामिरेकोट, चबारी, फर्चेचौर, बाँकेगाउँ |
| | | मुसिकोट न.पा. | ९,१०,१२,१४ | चौखाबाङ्ग, हिल, लिडगुर, होलतारा, भलाक्चा, लहुँ, जुम्लाबाङ्ग, पुरनचौर, हरले, नयाँगाउँ, भुम, छिबाङ्गखोला, हाइबाङ्ग |
| | जाजरकोट | नलगाड न.पा. | २ | डाँडागाउँ |
| | | भेरी न.पा. | ५,२ | तिमिले, बाहुनथाना, दारनेटा, पुरानो रिसाङ्ग, पोखरा, राङ्गसी, रिसाङ्ग, डिङ्गा, ईबर, छिप्रेना |
| | सुर्खेत | गुर्भाकोट न.पा. | ९,५,४,३,२ | वर्दी, दरखासे, खरीगैरा, गैरीबजार, बाघखोर, पाँरेखेत, आँपखोली, कोशीघाट, थग्लेनी, रातामाटा, राजीगाउँ, पोखरीपाटा, भालुखोला, नादेकोट, जलुकेनी |
| | | सिम्ता गा.पा. | १,२,३,४ | घोरेटा, जपुलकोट, आग्रीगाउँ, बजेडीचौर |
| | | भेरीगंगा न.पा. | ३,४,६,८,११,१३ | डुंगीखोला, दमार, मुरलीखोला, रोल्पाली बाहगाउँ, दाब्रे टोल, किच घारिबन, झिग्नी, फुलबारी, भगवती, कुईरेटोल, ठुलोकरेली टोल |
| | | लेकबेसी न.पा. | ८,९,१० | साटाखानी |
| ४. बीउ आलु | दैलेख | नारायण न.पा. | १०,११ | माझगाउँ, छान्ना, दशरथे, काँडा, जुफिया |
| | रुकुम पश्चिम | आठबिसकोट न.पा. | १,२,८ | चैतीखारा, ओख्ले, रोकाजा, स्याला, पहाडा, बञ्चरे |
| | जाजरकोट | छेडागाड न.पा. | १० | बाङ्गेथोली, बुढियाचौर, खलटाकुरा |

**नोटः**

- कार्यक्रमले सम्बन्धित पालिकाहरुसंगको समन्वयमा निर्दिष्ट गरेका क्लष्टरहरु बाहेक कार्यक्रमसंग सहकार्य गर्ने कृषि उध्यमी वा व्यापारीहरुले छनौट गरेका अन्य क्लष्टरहरुमा पनि समूह तथा सहकारी पहिचान गरी कार्यक्रम संचालन गर्न सक्नेछ । साथै कार्यक्रमले प्राथमिकीकरण गरेका थप अन्य मूल्य श्रृँखलाहरु रैथाने बाली, मह, अदुवा, बेसार, तरकारीको बीउ, टिमुर, स्याउ, ओखर र सुन्तला जातका फलफूलमा सहकार्य गर्न इच्छुक कृषि उध्यमी वा व्यापारीहरु भएमा आवश्यक क्लष्टर र समूह, सहकारीहरु पहिचान गरी कार्यक्रम संचालन गर्न सक्नेछ ।
- हाल उत्पादन गरिरहेको कृषि बाली वस्तुहरुको क्षेत्र तथा उत्पादनमा वृद्धि गर्नु पर्नेछ ।
- पालिकाका अन्य क्लष्टर, जिल्ला र मूल्य श्रृँखलाहरुका लागि पनि क्रमशः सूचनाहरु प्रकाशन गरिनेछ ।

- उच्च मूल्य कृषि वस्तु विकास आयोजनाबाट लाभान्वित कृषि उध्यमी, कृषक समूह, सहकारीहरु यस कार्यक्रममा सहभागी हुन पाउने छैनन् ।

निवेदन पेश गर्ने अन्तिम मिति २०७६।८।३० गते सम्म रहनेछ । कार्यक्रममा पेश भएका प्रस्तावहरुलाई पेश भएकै मिति देखि मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडी वढाइनेछ । लगानी निवेदनको ढाँचा र विस्तृत विवरण यस कार्यक्रम अन्तर्गतका समन्वय इकाई कार्यालयहरु र सम्बन्धित पालिकाको कृषि तथा पशु सेवा शाखाका साथै कार्यक्रमको वेवसाइट www.asdp.gov.np बाट प्राप्त गर्न सकिनेछ । यस सम्बन्धी थप जानकारी लिन र निवेदन पेश गर्नका लागि तपसिलमा दिइएका कार्यक्रमका समन्वय कार्यालयहरुमा सम्पर्क गर्न सकिने छ । प्राप्त भएका लगानी निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यक्रममा अन्तर्निहीत हुनेछ ।

| कार्यक्रम समन्वय इकाई | कार्यक्रम समन्वय इकाई | कार्यक्रम समन्वय इकाई | कार्यक्रम समन्वय कार्यालय |
|---|---|---|---|
| जुम्ला | सल्यान | जाजरकोट | सुर्खेत |
| चन्दननाथ नगरपालिका-६ | बागचौर न.पा.-२ बागचौर | भेरी न.पा.-३ खलङ्गा | बीरेन्द्रनगर न.पा.-८ |
| फोन ०८७-५२०२३५ | फोन ०८८-४१२०१९ | फोन ०८९-४३०३३१ | फोन ०८३-५२३२९६ |